# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०४ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- प्रधानमंत्री नरेन्द्र मोदीले आज युवाहरुका लागि 62 हजार करोड़ रुपियाँ भन्दा अधिकको लागत रहेको विभिन्न पहलहरुको शुभारंभ गर्नभयो।

- आगामी वर्ष हुने पश्चिम बंगाल विधानसभा चुनावलाई ध्यानमा राख्दै तृणमूल कांग्रेसले भोली पांच अक्टूबरदेखि 12 अक्टूबर सम्म राज्यव्यापी जनसंपर्क अभियान शुरू गर्ने भएको छ।

- महात्मा गान्धीको दार्जिलिङ भ्रमणको १०० वर्ष पूरा भएको उपलक्ष्यमा दार्जिलिङ हिमालयन रेलवेले 'शताब्दी मार्च' सुरु गरेको छ।

- मौसम विज्ञान विभाग, गान्तोकले आगामी २४ घण्टाका लागि बिहार, सिक्किम र पश्चिम बंगालका बिभिन्न जिल्लामा बाडको चेतावनी जारी गरेको छ।

## पीएम - युवा योजना

प्रधानमंत्री नरेन्द्र मोदीले आज युवाहरुका लागि 62 हजार करोड़ रुपियाँ भन्दा अधिकको लागत रहेको विभिन्न पहलहरुको शुभारंभ गर्नभयो। यी युवा केन्द्रित पहलहरुले देशमा शिक्षा, कौशल अनि उद्यमितालाई बढ़ावा दिनेछ। नयाँ दिल्लीको विज्ञान भवनमा आयोजित **कौशल दीक्षांत समारोहमा** प्रधानमंत्रीले **औद्योगिक प्रशिक्षण संस्थानहरु-आई.टी.आई.** को माध्यम द्वारा **प्रधानमंत्री कौशल अनि रोजगार परिवर्तन-पीएम-सेतुको** शुभारंभ गर्नुभयो। इस अवसरमा प्रधानमंत्रीले भन्नुभयो कि राष्ट्र निर्माणमा कौशलको महत्वपूर्ण भूमिका छ। श्री मोदीले भन्नुभयो – उहाको सरकारले कौशल अनि नवाचार माथि विशेष ध्यान दिंदै युवाहरुलाई भविष्यको नेतृत्व गर्नको लागि तैयार परिरहेको छ। प्रधानमंत्रीले भन्नुभयो कि भारत ज्ञान अनि कौशलको देश हो अनि बौद्धिक शक्ति, देशको सबैभन्दा ठुलो शक्ति हो। **आई.टी.आई.** केवल औद्योगिक शिक्षाको प्रमुख संस्थान मात्र नरहेर आत्मनिर्भर भारतको कार्यशाला पनि रहेको उहाले बताउनुभयो। प्रधानमंत्री मोदीले भन्नुभयो कि पीएम-सेतु योजनाले देश भरिकै एक हज़ार भन्दा अधिक **आई.टी.आई.** लाई लाभ पुग्नेछ। यस अवसरमा श्री मोदीले 34 राज्यहरु अनि केंद्र शासित प्रदेशहरुका 400 नवोदय विद्यालयहरु अनि 200 एकलव्य मॉडल आवासीय विद्यालयहरुमा स्थापित 1200 व्यावसायिक कौशल प्रयोगशालाहरुको पनि भी उद्घाटन गर्नुभयो।

## अमित शाह

केन्द्रीय गृहमन्त्री अमित शाहले आगामी वर्षको मार्च ३१ सम्ममा देशलाई नक्सलवादी समस्याबाट मुक्त गर्ने केन्द्र सरकारको संकल्प दोहोऱ्याएर नक्सलवादीहरूलाई हतियार त्यागेर समाजको मुख्यधारामा सामेल हुन अपील गर्नुभयो।आज छत्तीसगढको जगदलपुरमा बस्तर दशहरा लोकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै श्री शाहले सशस्त्र संघर्ष जारी राख्ने नक्सलवादीहरूलाई सुरक्षा बलले कडा जवाफ दिने बताउनुभयो।केन्द्रीय गृहमन्त्रीले नक्सलवादी समस्याका कारण बस्तर अहिलेसम्म विकासबाट वञ्चित रहेको बताउनुभयो।

## तृणमूल कांग्रेस - जनसंपर्क अभियान

आगामी वर्ष हुने पश्चिम बंगाल विधानसभा चुनावलाई ध्यानमा राख्दै तृणमूल कांग्रेसले भोली पांच अक्टूबरदेखि 12 अक्टूबर सम्म राज्यव्यापी जनसंपर्क अभियान शुरू गर्ने भएको छ। यस अवधि राज्यको प्रत्येक प्रखंडमा 'विजया सम्मेलन' अर्थात्

दुर्गा पूजा पछि जनसमूहहरुसित संवाद कार्यक्रम आयोजित गरिनेछ। यस जनसंपर्क अभियानको उद्देश्य त्योहारको वातावरणमा जनता सित पार्टीको सीधा संपर्क बढ़ाउनु हो। पार्टी सुत्रहरु अनुसार, तृणमूल कांग्रेसका राष्ट्रीय महासचिव अनि लोकसभा सांसद अभिषेक बनर्जीले हालैमा यस कार्यक्रम बारे नेताहरुसित बैठक गरेर उनीहरुलाई सक्रिय रूपमा भाग लिने निर्देश दिदिनुभएको छ। जानकारी अनुसार पार्टीका 50 भन्दा अधिक शीर्ष नेताहरु जसमा सांसद, विधायक, राज्य मंत्री अनि छात्र संगठनका पदाधिकारीले यस विजया सम्मेलन कार्यक्रमहरुमा भाग लिनेछन्। यसै बीच मुख्यमंत्री ममता बनर्जी स्वयंम पनि कोलकातामा आयोजित केहि कार्यक्रमहरुमा भाग लिनुहुनेछ अनि उद्योग जगतका प्रतिनिधिहरुसित विशेष बातचीत गर्नुहुनेछ।

**पूर्वोत्तर सीमान्त महाप्रबन्धक**

पूर्वोत्तर सीमान्त रेलवेको अतिरिक्त महाप्रबन्धक भीबी विश्वकात्माले हिज दार्जिलिङ हिमालयन रेलवेको भ्रमण र निरीक्षण गर्नु भयो।निरीक्षणको क्रममा विश्वकात्माले मनसुनपछिको मर्मतसम्भार प्रयास, ट्र्याकको अवस्था र पैह्रोबाट बच्ने उपायहरूमा विशेष ध्यान केन्द्रित गर्दै सुकना-तीनधारे सेक्शन र खरसाङ-टुंग सेक्शनको समीक्षा गर्नु भयो।

***उहाले यस युनेस्को विश्व सम्पदा रेलवेमा सुरक्षा र विश्वसनीयता सुनिश्चित गर्न गरिएका निरन्तर प्रयासहरूको प्रशंसा गर्नु भएको छ। दार्जिलिङ हिमालयन रेलवेको निर्देशक कार्यालयबाट दिइएको जानकारी अनुसार आफ्नो भ्रमणको क्रममा अतिरिक्त महाप्रबन्धक भीबी विश्वकात्माले डीएचआरको स्टेशनहरूमा नयाँ डिजाइन गरिएका स्टेशन बोर्डहरूको उद्घाटन गर्नु भयो जसले अब प्रत्येक स्थानको अद्वितीय सांस्कृतिक र ऐतिहासिक पहिचानलाई प्रतिबिम्बित गर्दछ, पर्यटकहरूको लागि सम्पदा अनुभव बढाउँछ। उहाले पुनर्स्थापित सम्पदा पानी स्तम्भहरूको पनि उद्घाटन गर्नु भयो जुन एक महत्त्वपूर्ण पहल हो जसले स्टीम लोकोमोटिभहरूको लागि पानीको छिटो रिफिलिंग सक्षम गर्नेछ, जसले गर्दा स्टीम सवारीहरूको सञ्चालन दक्षतामा सुधार हुनेछ।निरीक्षणपछि पूर्वी सीमान्त रेलवेको अतिरिक्त महाप्रबन्धकले खरसाङस्थित डीएचआरको मुख्यालय एलिसिया बिल्डिङ दार्जिलिङमा एक बैठकको अध्यक्षता गर्नु भयो। बैठकमा एडीआरएम, डीलचआरको निर्देशक रिशप चौधरी लगायत रेलवे अधिकारीहरु र अन्य सम्बन्धित अधिकारीहरूको उपस्थिति थियो।***

**'शताब्दी मार्च'**

महात्मा गान्धीको दार्जिलिङ भ्रमणको १०० वर्ष पूरा भएको उपलक्ष्यमा दार्जिलिङ हिमालयन रेलवेले 'शताब्दी मार्च' सुरु गरेको छ।युनेस्कोको विश्व सम्पदा स्थल दार्जिलिङ हिमालयन रेलवे (डीएचआर) ले सन् १९२५ मा महात्मा गान्धीको दार्जिलिङ ऐतिहासिक भ्रमणको शताब्दी मनाइँदै एक महिना लामो स्मृति यात्राको घोषणा गरेको छ।यो मार्च ५ अक्टोबर २०२५ मा दार्जिलिङ रेलवे स्टेशनबाट सुरु हुनेछ र ९ नोभेम्बर २०२५ मा सिलिगुडी टाउन स्टेशनमा समापन हुनेछ। पाँच सप्ताहन्तमा फैलिएको शताब्दी मार्चले डीएचआरको साथ गान्धीको यात्राको मार्गलाई पछयाउनेछ, प्रतीकात्मक रूपमा स्टेशनहरू र समुदायहरूलाई जोड्नेछ जो एक शताब्दी पहिले उनको उपस्थितिको साक्षी थियो।

**वाहन दुर्घटना**

हिज राती कलेबुंग जिल्ला अन्तर्गत राजमार्ग-10 मा मल्ली किरनी क्षेत्र् नजिक एक भीषण सड़क दुर्घटना भएको छ। SK01T 5989 नंबर भएको वैगन-आर कार अनियंत्रित भएर मूल सडक देखि लगभग 100 फिट तल झर्दा चार जनाको घटनास्थलमानै मृतु भयो भने अन्य तीनजना गंभीर रूपमा घाइते भएका छन्। घाइते भएकाहरुलाई मल्ली अस्पतालमा भर्ती गराईएको छ। प्रत्यक्षदर्शिहरु अनुसार, विपरीत दिशाबाट आईरहेको वाहनको लाइटको कारण चालकले बाटो देख्न नसकेकोले यो दुर्घटना भएको हुनसक्छ। पुलिसले घटनाको विस्तृत जाँच शुरू गरेको छ।

**एक्सीडेन्ट**

बाघडुग्रा थाना अर्न्तगत भुजियापानीमा भएको एक सड़क दुर्घटनामा परेर सिलीगुड़ीमा कार्यरत एकजना पुलिसकर्मीको मृत्यु भएको छ। घटनामा मृत्यु हुने पुलिसकर्मीको नाम रूकमणी लेप्चा रहेको जानकारी प्राप्त भएको छ भने डयूटी गईरहेको बेलामा विपरित दिशाबाट आइरहेको गाड़ीसित उनी सवार रहेको स्कुटी ठोकिन्दा उनको घटनामा स्थलमै मृत्यु भएको थियो।

घटनाको खबर पाउनसाथ बाघडुग्रा थानाका पुलिस घटना स्थलमा पुगेर शवलाई पोष्टमार्टमको लागि उत्तर बंगाल मेडिकल कलेज पठाईएको छ भने पुलिसलने वाहनलाई नियन्त्रणमा लिएको छ। वाहन चालक भने फरार रहेको बताईएको छ।

**मौसम-नेपाल**

लगातार भैरहेको बर्षको कारण नेपालको पहाड़ी लगायत अन्य क्षेत्रहरुमा अराजक स्थिति उत्पन्न भएको छ । पहिरो , अचानक आएको बाढ़ अनि हिमपातको कारण धेरै सड़कहरु बंद गरिएको छ जसको कारण यातायात बाधित बनेको छ । नेपालको मौसम विज्ञान विभागले बताए अनुसार वर्षा कम्तिमा पनि 6 अक्टूबर सम्म जारी रहने छ । काठमांडू घाटी लगायत देश भरिमै सतर्कता अपनाईएको छ । राजधानीमा आपातकालीन सेवाहरु बाहेक अन्य वाहनहरुको आवाजाही अस्थायी रूपले प्रतिबंधित गरिएको छ । येद्धपी घरेलू उड़ान सेवाहरु प्रतिदिन एक निश्चित समयको लागि निलंबित गरिएको छ तर अंतर्राष्ट्रीय उड़ानहरुमाथि अहिले रोक लगाईएको छैन । नेपाल पर्यटन बोर्ड (एनटीबी) ले पर्यटकहरुको सुरक्षा सुनिश्चित गर्नको लागि विशेष दिशानिर्देश जारी गरेको छ । पर्यटकहरुलाई नियमित रूपमा सरकारी मौसम अपडेटको पालन गर्ने अनि केवल पंजीकृत ट्रैवल कंपनिहरु अनि अधिकृत गाइडको साथमा यात्रा गर्न भनिएको छ । नेपाल पर्यटन बोर्डले एक बयानमा पर्यटकहरुको सुरक्षा अनि कल्याण सर्वोच्च प्राथमिकता रहेको बताएको छ । प्रशासन, बचाव एजेंसिहरु अनि आम जनता खराब मौसमको स्थितिसित जुझ्नको लागि मिलेर काम गरिरहेको छ ।

**मौसम विज्ञान विभाग, गान्तोक**

मौसम विज्ञान विभाग, गान्तोकले आगामी २४ घण्टाका लागि बिहार, सिक्किम र पश्चिम बंगालका बिभिन्न जिल्लामा बाडको चेतावनी जारी गरेको छ । २५३ मिलिमिटरसम्म अत्यधिक भारी वर्षा हुने पूर्वानुमान गरिएको छ, जसको कारण समतल क्षेत्रहरूमा आकस्मिक बाड अनि पानी जम्मिने खतरा छ । बिहारको पटना, दरभंगा, पूर्णिया, किशनगंज र अन्य २५ जिल्लाहरू प्रभावित छन्। सिक्किममा पूर्व, पश्चिम, उत्तर र दक्षिण चारैवटा जिल्ला जोखिममा छन् । पश्चिम बङ्गालमा दार्जिलिङ, जलपाइगडी, कुचबिहार र उत्तर दिनाजपुर जस्ता जिल्लाहरू निगरानीमा छन्। मानिसहरुलाई सतर्क रहने, बाड प्रभावित इलाकाहरुमा नजाने अनि स्थानीय अधिकारीहरूबाट मौसम सम्बन्धि जानकारी लिने सल्लाह दिएको छ ।